मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विज्ञान केन्द्र मलंगवा
कृषि ज्ञान केन्द्र
मलंगवा सर्लाही

फोन नं. : ०४६-५२००३०
Email : sarlahiakc@gmail.com
Website : sarlahi.akc.gov.np

पत्र सख्या : ०८३/०८४

सूचना ! सूचना !! सूचना !!!

सूचना नं. ०४/२०८३/८४

व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी विस्तृत सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०६/२३

यस कृषि ज्ञान केन्द्र, सर्लाहीको चालु आ. व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम" सञ्चालन गर्न यस जिल्लाभित्रका इच्छुक कृषक/कृषक समूह/कृषि सहकारीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र माग गरिएका आवश्यक कागजातहरु सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु:

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा सम्पूर्ण विवरण स्पष्ट रुपमा भरिएको प्रस्तावना फारम ।
२. कृषकको हकमा निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषक समूह/ कृषि सहकारीको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि तथा नवीकरण, आ. व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा प्रमाणपत्रको प्रतिलिपि, कार्यक्रम माग सम्बन्धी संस्थाको निर्णयको प्रतिलिपि ।
४. प्रस्ताव पेश गर्न जिम्मेवारी दिई खटाइएका पदाधिकारीको अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
५. कृषकको हकमा कम्तीमा ५ (पाँच), कृषक समूह/ सहकारीको हकमा कम्तीमा २ (दुई) बिघा क्षेत्रफलको स्पष्ट देखिने जग्गा धनीको लालपुर्जाको प्रतिलिपि, जग्गा धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६. जग्गा धनी प्रमाणपत्रको आ. व. २०८२/८३ को मालपोत तिरेको रसिदको प्रतिलिपि ।
७. सम्बन्धीत वडा कार्यालय वा स्थानीय तह कृषि विकास शाखाको सिफारिस।
८ समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस आर्थिक वर्ष वा विगत २ आर्थिक वर्ष भित्र अनुदान नलिएको, माग गरेको योजनाको लागत स्टिमेट, कार्य योजना, स्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिबद्धतापत्र/स्वघोषणापत्र लगायत अन्य आवश्यक कागजातहरु ।

अनुदानका शर्तहरु:

- उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गत
  - व्यावसायिक तरकारी उत्पादन गर्ने कृषकले बेमौसमी तरकारी उत्पादन गर्न चाहेमा वा गरिरहेकोमा ग्रिन हाउस/नेट हाउस, थोपा सिंचाइ, प्लाष्टिक घर लगायतका पूर्वाधारमा सहयोग,
  - कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, कृषि चुन, फेरोमोन पासो),
  - कृषि सम्बन्धी स्वचालित यन्त्र उपकरणहरु,
  - साना सिंचाई व्यवस्थापन,
  - तालिम तथा क्षमता अभिवृद्धि।
- उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम अन्तर्गत हार्भेष्टिङ्ग, ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेभलिङ्ग, प्रशोधन उत्पादनोप्रान्त प्रविधि तथा पूर्वाधार निर्माण ।
- बजार प्रवद्धन कार्यक्रम अन्तर्गत ई-लोडर, संकलन/भण्डारण केन्द्र, कोल्ड च्याम्बर निर्माण, वेईङ्ग/डिजिटल ब्यालेन्स, क्यारेट ।
- यस कार्यक्रमको स्वीकृत बजेटको परिधि भित्र रहि कार्यक्रम सञ्चालन गरिने छ ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम सञ्चालन कार्यविधि परिमार्जन/संशोधन, थप/घट भएमा सोही अनुसार हुनेछ ।
- गत आ. व. मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्बन गरेका व्यावसायिक खेती गर्ने, बढी लागत सहभागिता भएका व्यक्ति तथा संस्थालाई प्राथमिकता दिइनेछ ।
- रीत नपुगेका, म्याद नाघी प्राप्त भएका, झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बखत आवेदन रद्द हुनेछ ।
- रीत नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन ।
- यो कार्यक्रम कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६, (पहिलो संशोधन २०७७) मा व्यवस्था भए बमोजिम हुनेछ ।
- कार्यालयले थप आवश्यक कागजात माग गर्न सक्ने छ, आवश्यक कागजात बुझाउन नसकेमा छनौट/सम्झौता/भुक्तानी गरिने छैन।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायत यस सूचनासँग सम्बन्धीत सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

नोटः विस्तृत जानकारीको लागि, कृषि ज्ञान केन्द्र सर्लाही, बाली विकास अधिकृत श्री कविन्द्र सिंह ठगुन्ना (९७०२६२६४८९), कृषि अर्थ विज्ञ श्री ममता साह (९७६८६२५२३७) प्राविधिक सहायक श्री नवीन कुमार अधिकारी (९८४८२९११२७) लाई सम्पर्क गर्न सकिने छ । साथै कार्यक्रम संचालन सम्बन्धी विस्तृत सूचना यस कार्यालयको फेसबुक पेज र वेवसाइट https://sarlahi.akc.gov.np मा हेर्न सकिनेछ ।

कविन्द्र सिंह ठगुन्ना
बाली विकास अधिकृत (सार्तो)

कमलदेव प्रसाद कुशवाहा
प्रमुख (दशौं तह)

CamScanner